क. १२९

गोरखा-एजेन्सी-ग्रन्थमालाको १ लो ग्रन्थ ।

गोरखा–भाषा ।

"त्यो छैन यो भुवनमा स्वप्न-संकल्प-दुर्लभ ।
जो यत्नले सिद्ध हुन्न उद्योगी धीर-वीरका ॥"
[विचार–शतक] ।

लेखक,—

श्रीकृष्णचन्द्र आर्याल,

श्रीबैजनाथ जोशी (सेढ़ाईं) ।

जाहिर खबर.

हे देशबान्धव विद्याप्रियमहाशय!

सकल तपाईंहरूका समक्षमा सविनयनिवेदन छ कि, आज समस्त प्रजा-बन्धुका हितार्थ हामीले "गोरखा एजेन्सी" नामको एक कार्यालय स्थापित गरेका छौं। जुन "गोरखा एजेन्सी" समस्त देश-बन्धु, देश-भगिनीहरूको सत्सेवा गर्नलाई हरदम कटिबद्ध (तंतैयारी) छ; यसै कारण "यसबाट हामीले केही काम अवश्य लिनुपर्दछ।" भन्ने हृदयमा दया धारण गरी यस्लाई काम लगाउनु-भयो भने कत्ति पनी कसर न राखी दिलोज्यानसँग काम तामेल गरी तपाईंहरूलाई प्रसन्न गराउनेछ। यहाँबाट देशदेशका मालताल मगाउने काम र आर्डर-बमोजीमका मालताल तैयार गराउने काम, विक्री गर्ने काम, खरीद गर्ने काम फेरी गर्ने काम (Travelling agents) त्यस्तै कसैबाट उचित आज्ञा भयो भने तदनुसारको काम पनी गर्दछ।

व्यवस्थापक,
गोरखा एजेन्सी,
नेपाल.

INDRA BAHADUR MALI

गोरखाएजेन्सी-ग्रन्थमालाको १ लो ग्रन्थ।

गोरखा-भाषा।

(मातृ-भाषाको महत्व)

व्यवस्थापक
ग्रन्थमाला-विभाग
गोरखा एजेन्सी,
नेपाल

लेखक,
पण्डित कृष्णचन्द्र आर्याल,
पण्डित बैजनाथ जोशी (सेढ़ाई),
संशोधक,
पण्डित जगन्नाथ जोशी (सेढ़ाई)।

प्रकाशक,
गोरखा एजेन्सी-कार्यालय, नेपाल।

प्रथम संस्करण] वैशाख १९७४ वि०। सन १९१७ [भेटी [illegible]

ताहाचल बगैंचा, कालिमाटी
, काठमाडौं

INDRA BAHADUR MALI

PULPARI, KALIMATI

KATHMANDU.

इन्द्र माली
... ... कालिमाटी
... काठमाडौं

भूमिका

"स्वदेशसेवैव महाव्रतं स्यात्"

हे मातृ-भाषानुरागी सज्जन !

केही-समय-पहिलेदेखी विचार-शील सज्जनका मनमा यो कुरा उत्पन्न हुनलागेको छ कि, "सारा राज्यमा एकही भाषा र एकही लीपी हुनू बहुतही आवश्यक छ; तस्मात् गोरखा-भाषा र देवनागरी लीपिनै मुख्य हुन योग्य छन् ।"

अतएव हाम्रा अत्यल्प-बुद्धिका विचारमा पनी "यो कुरो सत्य र संभवित हो !" भन्ने लाग्दा, केही काल-पहिलेदेखीनै यस विषयको एक सानू पुस्तक लेख्ने मनोरथको अङ्कुर टुशाएको-मात्र थियो; किन्तु आज मातृ-भाषानुरागी, देश-बान्धवहरूले त्यस अङ्कुरका उपर करुणाका वर्षाका जलको सेचन गर्नुहुँदा त्यो टुशायेको मात्र अङ्कुर पनी पलहाई, यो अति सानू पुस्तक-रूप पालुवा निश्क्यो !

अझ्न ठुलो अभिलाष छ कि, देश-प्रिय, विवेक-शील, सज्जनहरूबाट, यो सानू ग्रन्थ मनन-पूर्वक आद्योपान्त बाँच्नू भई यदि कहीं भूल-चूक रहनगएको भए,—

"प्रायेण मुह्यन्ति हि ये लिखन्ति[1]"

भन्ने न्यायलाई संझी, हामीलाई अनुकम्पाका पात्र बनाई यस पुस्तकका गुण, अवगुण र ऊच, नीचमा यथार्थ समालोचना, सूचनादिद्वारा हामीलाई बोध गराउने काम गर्नुभयो र यस पुस्तकलाई सादर स्वीकार गरी, हमीलाई उत्साहित गराउनुभयो भने, फेरी चाँडैनै यसै विषयको, यसभन्दा ठुलो र बहुत ही रुचिकर पुस्तक तैयार गरी, मातृभाषा-प्रेमी, सज्जन-निकरका कर-कमल-तल-युगलमा उपस्थित गराउनेछौं !

---

१ लेखनेहरू प्रायः बिराउदछन् (चूक्दछन्).

अब यस पुस्तकलाई "गोरखा एजेन्सी-ग्रन्थ-माला" का लहरमा पुष्प-रूपले निकाइदछौं, यस मालामा यस्ता अनेक मनोहर र उपयोगी पुस्तक-रूप पुष्पहरू (धार्मिक, नैतिक सामाजिक, भौगोलिक, आयुर्वेदिक ऐतिहासिक, कृषि-संबन्धी र शिल्प-संबन्धी इत्यादिका पुस्तकहरू) बराबर गाँथिइँदै—जानेछन् ।

यस ग्रन्थ-मालाका ग्रन्थका लेखन-प्रणाली, शब्द-रखाई र अरू सकल नियम पनी "विद्वान् मातृ-भाषाका मर्मज्ञ, दूर-दर्शी, विचार-शाली श्री ६ राज-गुरु हेमराज पण्डितज्यूबाट रचना गरीवक्सेका गोरखा-भाषाको "बृहद्व्याकरण" "चन्द्रिका" का नियम बमोजीम नियमित छन् । पहिले हाम्रा भाषामा भाषा-व्याकरण न हुनाले ग्रन्थ लेख्न बहुतै कठिन पर्थ्यो; यदि केही गरी लेखियो भने पनी एकै शब्द पनी अनेक ठाउँमा अनेकन् चालले लेखिन्थ्यो; अतः भाषाको सारै दुर्दशा थियो; आज श्रीमान् राजगुरु हेमराज पण्डितज्यूका विद्वत्ता र परिश्रमबाट "चन्द्रिका" व्याकरण प्रकाशमान हुँदा सारा भाषाको दुर्दशा—शान्ति-पूर्वक सकल नेपाल-राज्यको पनी कल्याण भएर-आएको छ, यस्मा केही सन्देह छैन । हामीलाई पनी "चन्द्रिका"का नियम-बमोजीम ग्रन्थ लेख्न बहुतै सुबिस्ता र चाँडो भयो, केही विचार गर्न पनी परेन; अत एव हामी आभारी-पूर्वक श्रीमान् ६ राजगुरु हेमराज पण्डितज्यूमा कोटिशः हार्दिक-धन्यवाद चढाउँछौं ।

यस्मा आशा गरिन्छ कि, मातृ-भाषा-प्रेमी, विवेक-शील, सज्जनहरूले यो पुस्तक आदर-पूर्वक स्वीकार गर्नुभयो भने, हामी हाम्रा परिश्रम र उत्साहलाई सफलीभूत सम्झने छौं ! इति शम्

बम्बई,
२५-१२-१९७४
विक्रमी ।

विवेकीहरूका अनुचरः—

ग्रन्थकर्ताहरू

अनुक्रमणिका.

विषयः.	पृष्ठः.
मङ्गल	१
मातृ-भाषाको अर्थ	१
मातृ-भाषाको महत्व	२
भाषा र जातिको सम्बन्ध	६
भरराज्यमा एकही भाषा हुनाले लाभ	१०
गोरखा-भाषाका अवस्था	११
गोरखा-भाषाका प्रचारमा रोकावट	१५
चलन न हुनाको कारण	१६
मातृ-भाषा प्रेमीहरूको कर्तव्य	१८
रस बसाउने उपाय	२०
गोरखा-भाषामा—सामायिक—पत्रहरू	२०
भाषोन्नतिको पूर्वरङ्ग	२२
चाँडै उन्नति न भएको कारण	२६
स्तवराज	२८
उपसंहार	२९
प्रार्थना	३०

॥ श्रीः ॥

गोरखा–भाषा ।

मङ्गलम् ।

सब आफ्ना भक्तलाई दिने-मङ्गल मङ्गल ।
गरुन् मङ्गल सर्वत्र विनाशी विघ्न-जङ्गल ॥ १ ॥
हाम्री माता मातृ-भूमि देवीका र गणेशका ।
पाउमा दर्शन गरी गर्दछौं यो प्रकाश ता ॥ २ ॥
यस्का भेल-विषे पौंड़ी पार लागेर सज्जन ! ।
यदि दोष भएदेखी दिनु-होला क्षमापन ॥ ३ ॥

मातृ-भाषाका अर्थ ।

(१) 'मातृ-भाषा' को यथार्थ अर्थ आफ्ना जन्म-स्थलको बोल-चाल गर्ने-व्यवहार गर्ने बोली (भाषा) हो ।

(२) 'मातृ-भाषा' नाम दिनाको अर्को साधारण कारण के हो भने, आफ्ना जन्म-भूमिलाई पनी मातानै भनिएको हुनाले र

त्यस जन्म-भूमिका सन्तान सबै देश-बान्धवले बोलिइने बोली हुनाले पनी हो ।

(३) अर्को अर्थ यो पनी हो कि, बालक-अवस्था (आमाका दुध पिउने अवस्था) देखी आमाले शिकाइने बोली हुनाले पनी **"मातृ-भाषा"** नाम रहेको हो ।

मातृ-भाषाको महत्त्व ।

माताका वचनलेनै हाम्रा हृदय-कमलमा अमृतको बीज रोपिन्छ । उनै माताका कृपाले मानिस मूकता (लाटोपन) देखी छुट्दछ । जन्म-भरका सारा काम-काज-व्यवहार चलाएर आराम गराउने उही आमाले बोलेको बोली (मातृ-भाषा) हो । जस्तो पहिले (विशेष गरेर बाल्यावस्थामा) आमाले आराम र आनन्द गराउँछिन्, त्यस्तै पछी (कैशोरादि-अवस्थामा) मातृ-भाषाले पनी उस्भन्दा कम-आराम र आनन्द गराउँदैन । यदि मातृ-भाषा न हुँदो हो ता मानिस लाटा हुन्थे-केही पनी बोल-चाल, व्यवहार गर्न-पाउँदैन–थे । किन्तु केवल "हँ, हाँ, हिं, हीं, हुँ, हूँ" अथवा सानासान (इसारा) मात्र गरेर बड़ा कठिनका साथ व्यवहार चलाउनु-पर्दथ्यो । आफ्ना हृदयको आशय कोही पनी प्रकाश गर्नपाउँदैनथ्यो । मनोहर र मधुर-वाणीले अमृत-वर्षा

इन्द्र

कोही पनी गर्नपाउँदैनथ्यो । जहाँ गए पनी लाटोजस्तो हुनाले बड़ो कष्ट सहनु-पर्दथ्यो । इसाराले मात्र कति काम चलाउनू ? शरीरमा पीड़ा भए ता पनी बालकले बोल्न न शकेर वेदना सही-रहनु-परे जस्तो गरी सही-रहनु-पर्दथ्यो । सदाकाल अज्ञान-अन्धकार-सागर-तरङ्गमा डुबी-रहनु-पर्दथ्यो । सु-शिक्षा, सभ्यता-आदि पुरुषार्थ वा पुरुषत्व केही पनी हुँदैनथे । **मानिस मातृ-भाषाकै प्रभावले सु-लेखक, सु-कवि, आशु-कवि, विद्वान्, साहित्यवान्, धन्यवान्-आदि उपाधिका सु-पात्र बन्दछन् ।**

मातृ-भाषा-द्वारानै अरू अरू भाषा सजिला-हिसाब-सँग शिकिन्छन् । बाँचुञ्जेल आराम-पूर्वक दुध-भात खुवाउने पनी **मातृ-भाषानै** हो । जुन देश वा जातिमा **मातृ-भाषाको माहात्म्य** वा **महत्त्व** थाह छैन अथवा **मातृ-भाषाको मान-भाव** (सत्कार) छैन त्यस देश वा जातिको प्रभाव न भएकै बराबर छ ! जो मानिस **मातृ-भाषा-देखी** विमुख छ, अधम र नीच सोही हो ! किन भने, आफ्नी आमालाई छाड्नाले कस्ता कस्ता कष्ट-दुःख पाइन्छन्? **जो आफ्ना मातृ-भाषालाई "आमा हुन् ।" भनेर नित्य मन, वचन र कर्मले उन्का सेवामा तत्पर रहन्छ, आमाको सत्पुत्र (सपूत) सोही हो । विना-आफ्ना मातृ-भाषाका ज्ञानले अरू केही ज्ञान पनी-कहिल्यै हुन-शक्तैन । देश-समुत्थान गराउने मुख्य यन्त्र (कल) पनी एकमात्र मातृ-भाषा हो ।**

यदि संसारका सारा भाषा पढ़े ता पनी खुशिसित पढ्नू केही हानि छैन। परन्तु **मातृ-भाषाको गुण (गुन)** कहिल्यै पनी बिर्सनू-हुँदैन। **"म सधैं मातृ-भाषाको ऋणी छू।"** भन्ने संझी-रहनु-पर्दछ। कृत-विद्य, कृत-ज्ञ बनेर जहाँसम्म हुन-शक्तछ **मातृ-भाषालाई सहायता** पुऱ्याउनु-पर्दछ। जो आफ्ना **मातृ-भाषालाई-**समेत ता संझँदैन भने अरू कस्लाई संझला? जस्ले आफूलाई दुध पियाई हुर्काएको छ, उसैलाई छोड़ेर के आफू कल्याण (भलो) होला? **मातृ-भाषालाई** अनादर गरी बुद्धिले हीन (रित्तो) भई के बाँच्नू? आखीर मर्ने बेलामा पनी **'राम'** को, **'नारायण'** को नाम लिँदा **'मातृ-भाषा'**कोनै उच्चारण हुन-आउँछ।

"मातृ-भाषाको उन्नति"नै सब जातिलाई नर-पशुत्वदेखी छुटाई पूर्ण-मनुष्यत्वमा प्राप्त गराउँदछ। अतएव मानिसको जन्म पाएर **"मातृ-भाषाको महत्त्व"** न जानी न बुझी जीवन बिताउनू मनुष्यमात्रलाई बड़ो लज्जा-जनकको कुरो छ!

हाम्रो **मातृ-भाषा** खूद संस्कृत (गीर्वाण-वाणी) बाट बनेको भएर पनी यस्को उन्नति हुन-न-शकु हाम्रै घोर आलस्य-रूपी वृक्षको विष-फल हो!

"मातृ-भाषाका महत्त्व" का अज्ञानतालेनै **मातृ-भाषाको** अनादर हुनजान्छ। **मातृ-भाषाको महत्त्व** राम्ररी बुझेर उन्को सेवा गर्नूनै सारा प्राणी-मात्रको परम-पवित्र र अत्यन्तावश्यकीय-

कर्तव्य-कर्म हो। **'ईश्वरदेखी हाम्रो केही संबन्ध छैन', 'मातृ-भाषादेखी हामीलाई केही लाभ छैन,'** भन्ने र **'अन्न-जलले हाम्रो केही कल्याण हुँदैन।'** भन्ने, अज्ञानीहरू कस्ता हुन् भने **कृत-घ्न, स्वार्थी, निमक-हराम,** र **नर-पशु**-आदि उपाधिका योग्य-पात्र हुन्!!

"मातृ-भाषाको पूर्ण-महत्त्व" यस्बाट पनी जानिन्छ कि, सारा शास्त्र पढ़ेको, बहु-भाषा-भाषी, विद्वान् कोही हवस् ता पनी केवल अफ्ना जहान-बच्चा, नोकर-चाकर-सँगनै यदि एक दिनमात्र पनी बोल-चाल, लेख-पढ़ केही न गरी अगी-पछीको जस्तो सजिलै हिसाबले काम-काज, व्यवहार चलाऊँ भनी चलोस् ता तेस्को काम कसरी चल्दो-रहेछ? अनी आफै तेस्लाई **मातृ-भाषाको माहात्म्य** एकेक गरी पूर्ण-थाह हुनेछ। अतएव खूब-विचारका साथ भन्न-शकिन्छ कि, **"मातृ-भाषाविना कहिल्यै कसैको केही काम पनी चल्नै-शक्तैन। संसारका सारा काम-काज-व्यवहार र उन्नति सबै केवल मातृ-भाषामानै अवलम्बित छन्।"** यदि एकमात्र **मातृ-भाषा** न हुँदो हो ता अरू सकल-इन्द्रियका व्यापार (काम-कारवाई) एकप्रकारले विकामका जस्ता हुने-थिए।

भाषा र जातिको सम्बन्ध।

एक विद्वान् को कथन छ कि, भाषा-विना कोही जाति पनी जीवित रहन-शक्तैन। कुनै जातिका एकता को आधार पनी एकमात्र भाषानै छ। भाषानै जातिका पुरुषहरूमा परस्पर प्रेम र व्यवहारको संबन्ध स्थापित गर्दछ। भाषाकानै द्वारा एक मनुष्य दोस्रा मनुष्यमा आफ्ना भाव (हृदयका आशय) प्रकट गर्न-शक्तछ। वास्तवमा मुख्य कुरा यो हो कि, विना-भाषाले बोल-चाल न गरी, के, कोही मानिस आनन्द-पूर्वक जीवित रहन-शक्तछ? शक्तैन। आफ्ना जन्म-स्थानलाई, जस्का जल, वायु, अन्नहरू सेवन गरी हामी पालिएका छौं औ पालिन्छौं, हामी आफ्नो मातृ-भूमि भनी भनी भीत्र-हृदयले प्यारो गर्दछौं, उस्तै प्रकार हामीले आफ्ना मातृ-भाषालाई पनी, जो कि, हाम्रा जातीय-जीवनको एकमात्र मुख्य स्तम्भ (खाँबो) छ, 'मातृ-भाषा' भनी भनी गद्गद् हुनु-पर्दछ।

हिन्दू सदैवदेखी उनी वस्तुहरूलाई बड़ा संझेर-आएका छन् कि, जुन वस्तुले मानव-जातीको केही न केही अंशमा उपकार भएर -आएको छ, औ हुँदै पनी छ। गाई, गंगा, भारत-भूमिलाई जुन हिन्दूहरू माताका नामले पुकार्दछन् भने फेरी हामी आफ्ना सकल सुखकोदाता भएका आफ्ना 'गोरखा-भाषा' लाई 'मातृ-भाषा'

भनेर किन न पुकारौं? यदि कुनै शक्तिका द्वारा हामीबाट आफ्नू भाषा (बोली) हरियोस् ता हाम्रो कस्तो दुर्दशा होला? यस कुरालाई विचारनालेनै पनी दुःख-शोक हुन्छ। किन कि, प्रत्येक-जातिका धर्म-कर्म-संबन्धी कुराहरू र नीति, विज्ञान, कला-कौशल-इत्यादि उसैका भाषामानै अवलम्बित छन्। भाषा-विना हामी जीवित कहलाउन-शक्तैनौं। 'संस्कृत-भाषा' र 'गोरखा-भाषा'मा जो रत्न भरिई-रहेका छन्, उनीलाई हामी विना-भाषा-शब्दहरूका मर्म्म-ज्ञानले कसरी जान्न-शक्तछौं? जो जाति आफ्ना पुरुखाहरूका चरित्र (वंशावली) इतिहासलाई र आफ्ना भूत-काललाई जान्दैन, ऊ जाति जरा-देखीनै उखेलिएका रुखको समान छ! जब पिता पुत्रलाई आफ्नू मातृ-भाषा पढ़ाउनू, लेखाउनू र उस्का महत्त्वलाई संझाउनू गर्दछ, तबमात्र ऊ पिता पितृ-ऋणबाट अऋणी हुन्छ। भाषाका द्वारानै हामी आफ्ना पूर्व-पवित्रात्मा-पुरुखाहरूका जीवन-चरित्र देख्न-बुझ्न-शक्तछौं र उन्का सदृशनै आफ्ना जीवन-चरित्रलाई पनी ढाल्न-(बनाउन-) शक्तछौं। सत्य ता यो हो कि, आफ्ना मातृ-भाषाका साहित्य-भण्डारलाई बढ़ाउनू पूर्वपुरुषहरूलाई उत्तिनै शान्ति र सुख दिनू हो, जत्तिको कि, उन्का तर्पण-श्राद्ध इत्यादि गर्नू कहिएको छ।

उपर्युक्त-कारणहरूलेनै जो जाति जीवित छ, ऊ जाति आफ्ना

भाषाका निमित्त झगड़ा गर्दछ, र आफ्ना **मातृ-भाषालाई** जीवित राख्नाका निमित्त भगीरथ-प्रयत्न (पूर्ण-उद्योग) गरी-रहन्छ। गिरेर ह्रास भएको जाति पनी यस उन्नतिका सूत्रलाई संझन्छ र **मातृ-भाषाका** निमित्त केही न केही उद्योग गर्दै-रहन्छ। ऊ जाति धर्मको समान आफ्ना भाषाको पनी रक्षा गर्दछ। संसारका इतिहासमा यस्ता जातिका कैयौं उदाहरण दिइन-शकिन्छ। बिचरा गाउँले किसान केतीवालाहरूले आफ्ना स्वाधीनता र सर्वस्व गुमाई-शकेका छन्। परन्तु आफ्ना **मातृ-भाषाका** बोली बोल्ने स्वत्व (अधिकार) छोड़ेका छैनन्। उन्का भाषानै उनीहरूमा लेखिनू, पढ़िनू हुन्छ।

अंग्रेजहरूको अभिमानका साथ यो कथन छ कि उन्का युवा केवल एक भाषालाईनै राम्ररी बोल्न-शक्तछन्, ऊ भाषा उन्को **मातृ-भाषा** अंग्रेजीनै हो। यो उन्को वचन स्व-जात्यभिमान र स्व-देश-भक्ति-सित कस्तो परि-पूर्ण छ! संसारका इतिहासमा यो कुरा देखिएको छ कि, जब एक जाति दोस्रा जाति-मा जय-लाभ गर्दछ, तब विजेता विजित-जातिका भाषाको कम्मर भाँच्नमा पनी कत्ति कमी (खमी) गर्दैन। यसै कारण आफ्ना भाषाको आधिपत्य दोस्रा जातिका भाषामा जमाउँदछ। कारण कि, विजित-जाति आफ्ना भाषालाई गुमाई आफ्ना भूत-कालीन-प्राप्त-कीर्ति र यशलाई भुली-जाओस्। सिकन्दरले जुन जुन देशहरूमा जय-

लाभ गरे, उन उन देशहरूमा ग्रीक-भाषाको प्रचार गरे। यस्तैनै रोमवालाहरूले पनी आफ्ना बढ़तीका समयमा गरेथे। अंग्रेजहरूले आयर्लैण्डमा अंग्रेजी-स्कूल, कॉलेज खोली यही चाल चलेथ्यो। भारत-वर्षमा पनी अंग्रेजीका प्रचारले **भारत-मातृ-भाषालाई** र जातीय-जीवनलाई बड़ो आघात पुगेको छ। किन कि, भारत-वर्षमा जहाँ हेर्छौं, वहींनै अंग्रेजी-भाषा-जनित-सभ्यता देखिन्छ।

भारत-वासी आफ्ना **मातृ-भाषादेखी** बड़ा पराङ्मुख भएका छन्! उनीहरूलाई कुनहीं पनी भला मानिसका नामका अगाड़ी 'मिस्टर' शब्द लगाउनू बड़ो महत्त्व-सूचक जँच्तछ। पसलका, कार्यालयका, औषधालयका नाम पनी अंग्रेजीमा राखिइन्छन्। किताबमा, समाचार-पत्रमा, आफ्ना घरौवा लेखाई-पढ़ाईमा सरांश यो कि, सकल स्थानमा अंग्रेजीकै आदर-भाव गरिइन्छ।

'यदि भगवान् नारदजी हिजो आज भ्रमण गर्दै भारतवर्षमा आई-पुग्नू-भयो भने, हामीहरूलाई आफ्ना सन्तान भन्नलाई मात्र पनी वहाँ अकमकाउनु-हुनेछ!' अझ हामीले आफ्नू **मातृ-भाषा** पनी छाड़ी-दियौं! अवश्य नारदजी हामिलाई भाँड़ भण्ठान्नु-हुनेछ। यस्मा दोष चाहे अरू कसैको पनी होस्; किन्तु ठुलो दोष हाम्रोनै छ। जुन हामीहरूले आफ्ना **मातृ-भाषाको** पूजन त्यागी-दिई-शकेका छौं।

सरलता, शुद्धता र पूर्णतामा 'गोरखा-भाषा'का बराबर अर्को भाषा गर्न-शक्तैन। मनुष्य भई मातृ-भाषालाई बिर्सनू कृतघ्नता हो। स्मरण राख्नू, जस्को भाषा-साहित्य नष्ट भएर-जान्छ, ऊ जाति पनी निःसन्देह नष्ट भएर-जान्छ। प्रकृतिको यस्तोनै नियम नियमित छ। अतएव मातृ-भाषाको आदरभाव गर, र आफ्ना हृदय-कमलमा बसाल।

राज्य-भरमा एकही भाषा हुनाले लाभ।

वर्तमान-समयमा (आजकाल[1]) जुन भाषा हामीहरू व्यवहार गर्दछौं, सो भाषा खूद 'गोरखा-भाषा' (राज-भाषा) हो यदि यस भाषाको सारा गोरखा (नेपाल) राज्यमा अरू भाषाका भन्दा विशेष प्रचार पनी छ, प्रायः सबै जातिका मानिसले यथाकिञ्चिन्मात्र पनी बुझ्दछन्, मुख्य गनिएको पनी छ, जस्द्वारा सबै जातिका दुनियाँको व्यवहार पनी चली-रहेको छ, सुगम पनी छ, अक्षर पनी बुझ्न सजिला (देवनागरी) छन् ता पनी अझसम्म एकही 'गोरखा-भाषा' को सर्व-व्यापकता हुन-शकेको छैन; किन्तु नेवार, भोटे, मगर, गुरुङ, लिम्बू, सुनुवार, दनुवार, थारू-प्रभृतिका जङ्गली-भाषाहरूले पनी आफ्ना जन्म-स्थानलाई एकदम छाड्न-शकेका छैनन्। जहाँसम्म एक-मात्र 'गोरखा-भाषा' ले

1 विशवीं शताब्दीमा.

अरू सबै जङ्गली-भाषालाई अर्ध-चन्द्र (गल-हत्ती) लगाउन्न, तहाँसम्म "गोरखा-भाषाको उन्नति हुन्छ।" भन्नू र "मुख्य-भाषा कहिन योग्य छ।" भन्नू केवल 'मनोलड्डू' मात्र हो!

'गोरखा-भाषा'का व्यवहारबाट हुने लाभ यस्बाट पनी बुझ्नुपर्दछ कि, बजारमा, जहाँ नेवार-जातिका मानिसहरू पसले भई वसेका छन्, वहाँ भोटे, लिम्बू, मगर, गुरुङ, दनुवार र मधिशे (कछाड़िया) प्रभृति मानिसहरू केही माल किन्नू, बेच्नू गर्न-जाँदा उनीहरूका जङ्गली-(असंस्कृत) भाषाबाट काम न चली किन्ने, बेच्ने दुवै थरले केवल 'गोरखा-भाषा'-कै शरण परी कार्य-सिद्ध गर्नु-पर्दछ। त्यस्तै तमसुक, चिठी-पत्र प्रभृति लेख्नु-पर्दा र अड्डा अदालत-सम्बन्धी सरकारिया र दुनियाँदारी संपूर्ण-काम-काज गर्नु-पर्दा पनी केवल 'गोरखा-भाषा'बाटैनै काम चलाउनु-पर्दछ। अतएव अब विचार-शील, विवेक-शील सज्जन जनबाट आफैं विचार, विवेक गर्नु-हवस् कि, राज्य-भरमा एकही 'गोरखा-भाषा' र एकही 'देव-नागरी' लीपिको मुख्य व्यवहार हुनाले सारा जातिका मानिसलाई कस्तो लाभ होला?

गोरखा-भाषाका अवस्था।

यस्ता सन्देह छैन कि, हाम्रा गोरखाली (नेपाली) रसिक-महाशयहरूको ध्यान आफ्ना मातृ-भाषा [गोरखा-भाषा]का उपर पूर्ण-रूपले गएको छैन ता पनी अली अली ता अवश्य-

मेव गएको बुझिन्छ। किन भने, पहिले हाम्रा मातृ-भाषामा आदर्शक-विता बनाउने आदिकवि* चिरस्मरणीय श्रीपण्डित भानुभक्ताचार्य

---

१. (?).

* प्रायः यो ग्रन्थ छापि–शकिएको थियो, यस्तैमा **श्रीयुत मान्य प्रो. पं. वीरेन्द्रकेसरी आर्याल**बाट–"**भानुभक्ताचार्य**भन्दा पहिलेका गोरखा–भाषाका कवि ४ जना शुनिनामा आएका छन् ।" भनी निम्न लिखित ४ कविका नाम दिनु भएको छ–१ पदवाक्यप्रमाणपारावारपारीण **'विद्यारण्यकेसरी आर्याल, १ पं. वीरशाली पन्त, १ पं. रघुनाथ भट्ट, १ पं. इन्दिरस** इनै ४ हुन् ई पण्डितहरूले संस्कृतमा र गोरखा-भाषामा पनी अनेकन् ग्रन्थ लेखेर गएका–रहेछन्; ग्रन्थहरू सबै कवितामै छन् । उनी ग्रन्थहरूमध्ये तल लेखिएका लिखोट ग्रन्थ **श्रीमान् प्रो. पं. वीरेन्द्र केसरी आर्याल**-सँग छन्; "**ग्रन्थ-मालामा प्रकाशित गराउना-पर्दछन्; तपाईलाई दिएँ ।**" भनी मलाई अभिवचन दी–शक्नु–भएको छ। कालक्रमानुसार ग्रन्थमालामा प्रकाशित भई जो–शक्तो समाजको सेवा गर्नेछन् ।

उपरोक्त कविका ग्रन्थहरूः—

युगलगीत र **वेणुगीत** (भाषा कविता) **पं. विद्यारण्य केसरी**-कृत । **श्रीकृष्णचरित्र** (" " भक्तिरसको भण्डार)–**पं. वीरशाली पन्त**–कृत । **सुन्दरकाण्ड** (अध्यात्मरामायणको भा. कविता)–**पं. रघुनाथ भट्ट**कृत । **गोपिकास्तुति** (" ")–**पं. इन्दिरस**कृत इनीहरू भएका समय र भरिशक्य इन्का जीवनी पनी अर्को आवृत्तिमा हालिने छन् ।

ग्रन्थकर्ता ।

ले अध्यात्म रामायणको अनुवाद भाषा-कविता **'भानुभक्तीय-रामायण'** अथवा **'सातकाण्डी-रामायण'** बनाए-पछी हाम्रा नेपालका योग्य–कवि **"पण्डित राजीवलोचन जोशी," "पण्डित मोतीराम भट्ट"** प्रभृति धेरैनै कवि महाशयहरूका कर-कमलका कलमबाट केही केही ग्रन्थ **मातृ-भाषामा** बराबर बन्न-लागे । ती ग्रन्थ बन्नलागेका देखेर विचार-शील दूरदर्शी लोकोपकारी **"पण्डित विश्वराज हरिहर शर्म्मा"** हरूले काशीमा **'दुर्गा-प्रेस'** प्रभृति छापाखाना स्थापन गरी बराबर **'गोरखा-भाषा'** का प्रकाशनको काम गर्न-लागे । हुँदा हुँदा पछी[2] **"पण्डित मोती-कृष्ण-धीरेन्द्र-"** ले पनी ठँहिंटी-नेपालमा **'पाशुपत-प्रेस'** नामको छापाखाना स्थापन गरेर **"गोरखा-भाषा"**का ग्रन्थहरू बराबर प्रकाशित गराउन–लागे । फेरी[3] श्रीमान् सरकारबाट पनी **'गोरखा-पत्र-प्रेस'** नामको छापाखाना स्थापित गराइ-वक्शी सर्व साधारण-प्रजामा विद्या बढ़ाउनाका निमित्त ग्रन्थ प्रकाशनको काम जारी गराई-वक्श्यो । फेरी[4] विद्यावान् **'श्री ६ राजगुरु हेमराज पण्डितज्यू'**बाट **'ढोकाटोल-प्रेस'** नामको छापाखाना स्थापित गराई-वक्शी बराबर उत्तमोत्तम-पुस्तकहरू प्रकाशित-गराईवक्श्यो औ गराई-वक्शँदै छ । फेरी[5] **'जनरल गेहेन्द्रसंशेर जङ्गबहादुर राणा'**

---

१. (?). २. १९५० सम्वत् विक्रमीमा । ३. १९५६ विक्रमीमा । ४. (?). ५. (?).

इन्द्र माली
डाहाचल बगैंचा, कालिमाटी
ब १–४८७, काठमाडौं

बाट 'नारायण-प्रेस' नामको छापखाना स्थापित गराई-वक्स्यो। फेरी[1] **प्राभाकरी कम्पनी** काशीजीबाट र **गोरखाग्रन्थ-प्रचारक-मण्डली**[2]-बम्बईबाट पनी **'गोरखा-भाषा'** का पुस्तकहरू बराबर निश्कन-लागे। फेरी[3] **'श्रीकर्णैल भूपालसंशेर जङ्गबहादुर राणा'** बाट 'भगवती-प्रेस' नामको छापाखाना, फेरी[4] **'श्रीजनरल धर्मसंशेर जङ्गबहादुर राणा'** बाट **'सरस्वती प्रेस'** नामको छापाखाना-इत्यादि स्थापन गराईवक्सी जुन छापाखानाहरूबाट अनेकानेक **'गोरखा-भाषा-साहित्यको परिपूर्णता'** बढ़ाउँदै-ल्याईवक्सेको छ। त्यस्तै "दु" नामका गुमाजूले पनी "बुद्ध-प्रेस" नामक लिथोको र टाइपको पनी प्रेस[5] राखी सानू सानू काम छाप्न आरंभ गरेका छन्। फेरी **'कृष्णमाधव-कंपनी'** हरूले पनी पञ्चगङ्गा काशीमा **'हिमालयन्-प्रेस'** नामको छापाखाना स्थापन[6] गरी बराबर **'गोरखा-भाषा'**को सुधार र पुस्तक-प्रकाश गर्न-लागीरहेका छन्। एवं क्रमले नेपाल राज्यमा **'गोरखा-भाषा'** का ग्रन्थ-प्रकाशनको काम उत्तरोत्तर बढ़्दै-आएको छ। यस्मा केही सन्देह छैन; तर यो काम यस्तो ठुलो हो कि, यतिका ग्रन्थ प्रकाशित भई-शके ता पनी यस कामको एक जात (अंश)

१.(?). २.(?). ३. १९७१ सालमा. ४. १९७२ सालमा. ५. १९६७ मा. इनी गुभाजूले राखेका दुवै प्रेस खास नेपालैमा, नेपालैका कालीगड़ले तैयार गराएका हुन्। इन्का सबै विवरण पुनरावृत्तिमा दिइने छन्। **ग्रन्थकर्ता.**
६. (?).

मात्र पनी पूरा भएको छैन! हिन्दी-भाषाको कुरै छाड़ी-दिऊँ; बङ्गाली, मराठी, गुजराती-इत्यादिका भाषाको र भाषा-साहित्यको जस्तो उन्नति भएको छ; उस्को सहस्रांश-मात्र पनी उन्नति हाम्रा **मातृ-भाषा (गोरखा-भाषा)** को भएको छैन!

गोरखा-भाषाका प्रचारमा रोकावट।

गोरखा-भाषाको प्रचार चाँड़ै हुन न-शकेको कारण यो हो कि, पुस्तकको उस्तो चलन न हुनू हो। अर्थात् विक्रि न हुनू हो। त्यो विक्रिको कमी पनी अलीकती-मात्र होइन; किन्तु यहाँसम्म कि, प्रकाशकहरूलाई प्राय:निराशनै हुनू-पर्दछ। अर्थात् एकपल्ट उत्साह-साहस (हिम्मत) गरेर काम गरी-हाले भने पनी पछी निराश भएर त्यस कामका उद्योगमा उस्तो ध्यान दिईंदैन!

जहाँ प्रकाशक (Publishers) विक्रेता (Book-sellers) हरूको साहस कम भयो, वहाँ ग्रन्थ-कर्ता (Authors) हरूलाई पनी धक्का (आघात) पुग्न-जान्छ। असल ग्रन्थ बनाउने काममा हतोत्साह भएका हुनाले शके त्यस्ता कामलाई च्यात्तै छाड़ीनै-देलान् अथवा उनीहरू विद्याका रसमा रसिक भएका हुनाले एकदम च्यात्तै छाड्न न शकी केही ग्रन्थ बनाइ-हाले भने पनी

(उनीहरूको मन गिरेको हुनाले) उस्ता असल रसिला चमत्कार-पूर्ण-ग्रन्थहरू बन्न-शक्तैनन् । यस कारणले झन् **भाषा-साहित्यको** दशा (अवस्था) बिग्रँदै-जाने सम्भव हुन्छ! जस्द्वारा भविष्यत्मा (पछी) असल लेख लेखने लेखकहरू पनी हराउँदै-अस्ताउँदै-जान्छन्, ग्रन्थहरू पनी दबिंदै-जान्छन् । जहाँसम्म प्रकाशकहरूलाई र असल लेख लेखने लेखकहरूलाई यथायोग्य पुरस्कार दिन-पाउनू ता के, केवल आफ्नू लागत-खर्च-मात्र पनी उठ्तैन कि भन्ने चिन्ता लिनु-पर्दछ, तहाँसम्म **भाषा-साहित्य** सुध्रने आशा गर्नू व्यर्थ छ!

चलन (प्रचार) न हुनाको कारण

चलन न हुनाका कारण धेरै छन्; तिन्मध्ये एक यो हो कि, सर्व-साधारणमा पुस्तक पढ्ने-बाँच्ने बानी (लत) बहुतै कम छ! यदि कुनै-साधारण-मानिसहरूले केही गरी पुस्तक पढ़ी-हाले-बाँची-हाले भने पनी प्रायः अति-शृङ्गारादिका र समाज-धर्म-दूषक त्यस्तै निरर्थक-केवल गफले पूर्ण भएका उपन्यास, नाटक, भाण, प्रहसनहरूका पुस्तक पढ्ने-बाँच्ने चाल बहुतै छ! यस्ता दूषक (खराब) पुस्तक पनी अरू अरू भाषा (हिन्दी-अंग्रेजी-भाषा) का पाएसम्म

(उनी भाषाहरू यथार्थ न बुझे पनी) आफ्ना **मातृ-भाषाका** पुस्तक छुन पनी गाह्रो मान्दछन्!!!

सर्व साधारणका मनमा यस्तो भान निश्चय पर्न गएको छ कि, "हाम्रो **मातृ-भाषा (गोरखा-भाषा)** केही कामको पनी छैन-बोल्न—मात्र पनी लायकको छैन; एकदम असभ्य—(जङ्गली—) भाषा हो!" इत्यादि; अतएव उनीहरू परस्पर एकै ठाउँका भाई-भाईमानै पनी बोल-चाल गर्दा पनी हिन्दी-भाषा, ऊर्दू-भाषा, अंग्रेजी—भाषा अथवा अरू कुनै भाषा मिशाई विचित्र-भाषा (Corrupt) जस्तै—("ओ यार्! हिजोका रोज् हाम्रे नारान्थान्मे एक् बहोत् राम्री लेड़ी भेटे हैं!" "हे माइदियेर्! पान् दब्बा टाप्—मार्का चुरथ् जल्दी किनी ल्याओ, हाम्का हिर्दये साँफ् पोल् रहे हैं!" "वो भाइ साहिब्! हिंड़ो होतल्मे नहीं जाँदा हे? वाहाँ ब्राण्डी, गोस्, हाब्ने-खें फेर् बाला हे, बहोत् मिठी है!" "अरे दाइ साहब्! वहाँका जुत्ता बौत् दुखाँउदा है; अब्से हाम् मण्टेट् कम्पनीका बोट्-जुत्ता लाइङ्गे!" "दाइ साहिब्! पर्सी तो पच्चक्का जुवा फुक्का है; तुम् हाम् साजी कर्के खेल्ने पर्ता है; हाम्रा कम्मरमा तो एउटा फुकादाम् बी नै हे; स्वाल्नीके एक् जोर ढुंग्री हे, वै बाँड़ाका ज्यासल्मे बेंच्—बिखन् कर्के दाम् ल्याइके घुँड़ा धस्के खेल्ते हे!" "तुम्का घर् कहाँ हे!") इत्यादि बोल—चाल गर्दछन्!!!

यस्ता दूषक—शब्द र दूषक—विषयले विष—मय भएका ग्रन्थले नाहकमा आफ्ना तन्दुरुस्ती र अमूल्य—अवसर—लाई गुमाई धर्म, धन, मन इत्यादिलाई बिगारी घटिया—व्यसन (कु-चाल) मा लगाई—दिन्छन् । अर्को साधारण—कारण के छ भने, विक्रिका काइदामा पनी छ । हिन्दी, बङ्गाली, मराठी, गुजराती-आदि भाषाका पुस्तक—प्रकाशकहरू उत्तम उत्तम पुस्तक तैयार गरेर वा गराएर, कोही ग्रन्थ-माला (Series) बनाएर, कोही मासिक-पुस्तक बनाएर, सामयिक—पत्र (अर्ध—दैनिक, दैनिक, अर्ध-साप्ताहिक, साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक, षाण्मा-सिक र वार्षिक—इत्यादि पत्र प्रभृति) मा विज्ञापन (जाहिरात) दिएर, समालोचना गराएर खूब प्रचार गराउँदछन् । परन्तु गोरखा—भाषामा र अझसम्म सो काम पनी पर्दा—भीत्रै छ ! यहाँ त्यस्ता चाल न हुनाले केही प्रकाशित भएका पुस्तकको पनी उस्तो चल्ती हुन-शकेको छैन !

मातृ-भाषा-प्रेमीहरूको कर्तव्य ।

आफ्ना मातृ—भाषाका प्रेमीहरूको कर्तव्य यस्तो हुनु—पर्दछ कि, आफूहरूले पनी मातृ—भाषाका ग्रन्थहरू पढ्नू, अरूहरूलाई पनी (जसरी हुन्छ) पढ्नमा रुचि उत्पन्न गराई दिनू । अर्थवान्—समर्थवान् पुरुषहरूले पुस्तकालय

(पुस्तक—खाना वा लाइब्रेरी) खोल्नू, खोलाउनू । असल असल औपयोगिक—औपदेशिक पुस्तकहरू शकेभर सित्तैंमा (विनामूल्य) पनी बाँड्नू, न भए भरशक सस्ता मोलमा दिनू । अथवा आफूले किनेर हेरि—शकिएका पुस्तकहरू पैसा हालेर किन्न न शक्नेहरू-लाई हेर्न—बाँच्न दिने—गर्नू । रस न बसेकालाई रस बसाउनाका लागी बराबर प्रयत्न—पूर्वक प्रेरणा गर्दै—रहनु—पर्दछ ।

धेरै जना देश—बान्धव (भाई भाई) मिली परस्परमा संमति, उद्योग, सहानुभूति, सहायता—आदि गरिए भने हाम्रो भाषा साहित्य पनी चाँड़ैनै उनीहरूको जत्तिकै उन्नति होला भन्ने एकदम हाम्रो गल्ती (भूल) होइन; किन्तु ठीकनै हो । यसै कारण हाम्रो परमपवित्र—कर्तव्य छ कि, "जल—बिन्दु—निपातेन क्रमशः पूर्यते घटः ।" अर्थात् पानीको एकेक थोपो—मात्र पनी बराबर खसी—रहनाले ठुलो घड़ा पनी भरिन—जान्छ । भन्ने नीति—शास्त्रको वचन स्मरण गरी आफ्ना उद्योगलाई खूब बढ़ाउनु—पर्दछ । हामीले प्रति—वर्ष (वर्षिनी) केही न केही ग्रन्थ (पुस्तक) मातृ भाषामा लेख्तै—गर्नु—पर्दछ; तर यस्ता काम एकलैले मात्र (विना-सहायताले) गरेर हुन—शक्तैन । किन्तु धेरै जना मिलेर यस्ता काम गरिए भने थोरै समयमानै मनले पनी न चिताइएको सफ-लता-समेत प्राप्त हुन-आउनेछ ।

रस बसाउने उपाय ।

भाषा—साहित्यमा रस बसाउनाका निमित्त-रुचि गराउनाका निमित्त आजकाल सारा संसारमा अनेकन् उपाय गरिन-लागिएका छन् । तिन्मध्ये एक मुख्य उपाय (साधन) सामयिक-पत्र (अखबार, मासिक—पत्र आदि) पनी हुन् ।

त्यस्तै साना साना, रसीला रसीला, सरल सरल-विषयका र सुललित-शब्द-रचनाले लालित्य-मय भएका राम्रा राम्रा पुस्तकहरू बनाई, छपाई भरशक कम मोलले सर्व-साधारणमा प्रचार (फैलाऊ) गराउनु-पर्दछ । जुन पुस्तक बाँच्ता र बाँचेको शुन्दामात्र पनी न पढ़ेका र बालक-समेत पनी बुझ्न् र पुस्तक बाँच्न, अर्काले बाँचेको शुन्न र बँचाउन इत्यादितिर विशेष ध्यान दिउन् ।

गोरखा-भाषामा सामयिक-पत्रहरू ।

हाम्रा मातृ-भाषाका सामयिक-पत्रमा केवल एक "गोरखा-पत्र" आज १६।१७ वर्षदेखी अखण्डित हिसाबले चलेर-आई-रहेको छ; परन्तु ग्राहक-संख्या सन्तोषजनक छैन (!) अर्को दार्जिलिङ्गबाट "गोर्खे खबर् कागत्"

भन्ने नामको एक मासिक-पत्र पनी धेरै वर्षदेखी निश्की—रहेको छ; तर त्यस पत्रबाट **गोरखा-भाषाको** एक-जात-मात्र पनी सुधार (सपार) भएको छैन; किन्तु अझ बरू बराबर बिगारनै भएको छ! (कारणः—बहुधा मगर, गरुङ, लिम्बू आदि जातिका मानिसले बोल्ने ठिमाहा-भाषाका शब्दहरूको भरपूर रहन्छ । त्यस्तै संस्कृत-शब्द पनी बिलकुल अशुद्ध रहन्छन्!) त्यस्तै **'सुन्दरी,' 'माधवी,' 'उपन्यास-तरङ्गिणी'** नामक मासिक-पत्रिकाहरू उदाउँदा **'मातृ-भाषाको यथाकिञ्चित्मात्र पनी सुधार ता अवश्यमेव गर्नेछन् ।'** भन्ने केही आशा थियो; परन्तु (कोटिशः शोक!) तिनी पत्रिकाहरूले केही दिनमात्र आफ्ना झलक देखाएर शीघ्रनै रसिक-समूहका रसिकता-रूप कलिला कलिकालाई पटक्क भाँची अल्पिएका अल्पियै—भए! त्यस्ता रसिकता-रूप अंकुरमात्र पनी भाँचिएका समयमा अर्को **'चन्द्र'** नामको मासिक-पत्र उदय भएको देख्ता **"अबता अमृतको वर्षा भई रसिकता-रूपको अङ्कुर फेरी पल्हाई-आएर हरिया हरिया हाँगा-पातहरूले पूर्ण भएका उन्नतवृक्ष-रूपमा खड़ा होला!"** भन्ने पूर्ण हर्ष-पूर्वकको आशा थियो; परन्तु (कोटिशः शोक!) कराल-कालका अनवस्थित-गतिले सो मासिक-पत्र **'चन्द्र'** पनी केवल १० महिनासम्म यथाकिञ्चित्मात्र पनी देशको सेवा गरी परंभट्टाबाट पार भयो! त्यस्तै देहरादूनबाट एक **'गोरखा-खबर'** भन्ने साप्ताहिक-पत्र नि-

शकन्छ त्यस्ले पनी अनपढ़ गोरखा-सैनिक-समाजको बेशै सुधार गरेको बुझिन्छ। हिजो आज त्यो पत्र प्रचलितनै छ कि, बन्द भयो यो राम्रो थाहा छैन [?]।

तथा भरिशक्य सकलदेशका सेवाका निमित्त र मातृ-भाषाका सेवा शुश्रूषा (शुशार) सुधारका निमित्त १९७१ सम्वत् विक्रमीदेखी गोरखा एजेन्सी नेपालका व्यवस्थापकका व्यवस्थाबाट "गोरखा-एजेन्सी ग्रन्थ-माला" नामक माला-ग्रन्थ बराबर समय समयमा पुष्परूपले प्रफुल्लित (प्रकाशित) हुँदै आफूबाट बनेसम्म समाजको सेवा गर्न-लागी-रहेका छन्।

अझ पूर्ण-भरोसा-पूर्वक भन्न-शकिन्छ कि, देश-बान्धवबाट विवेक रही-रह्यो भने यस देश-सेवक माला-ग्रन्थले ज्यान दी दिलो-ज्यानसँग सेवा गर्दै-रहनेछ। दिन प्रतिदिन सेवा बढ़ाउनेछ। यस्मा अलिकती पनी सन्देह छैन।

भाषोन्नतिको पूर्व-रङ्ग।

अब ता मातृ-भाषाका पूर्ण-मर्मज्ञ, विद्या-परायण, विद्या-विनय-सम्पन्न, विद्योद्योगैक-पक्षपाती, विद्या-विद्योतितान्तःकरण, विवेक-शील श्री ६ राजगुरु 'हेमराज' पण्डितज्यू जस्ता विद्यावान्बाट पनी मातृ-भाषोन्नतिका कामलाई मनुष्य-जातिको मात्र परम-पवित्र र अत्यन्तावश्यकीय कर्तव्य-कर्म

संझी-वक्शी 'गोरखा-भाषा'को 'चन्द्रिका' नामक एक बृहत्व्याकरण र अरू अरू कैएक लोकोपयोगी पुस्तकहरू पनी गोरखा-भाषामा तैयार गराई-वक्शी अरू पनी अनेकन् पुस्तकहरू तैयार गराई-वक्शँदैछ!

श्रीमान् सरकारबाट समेत पनी 'गोरखा-भाषोन्नति'का निमित्त "गोरखा-भाषा-प्रकाशिनी-समिति" नामक एक सभा (अड्डा) स्थापित भएको छ! जुन समिति वा अड्डाबाट असल असल समाज-सुधारक, कु-प्रथा-निवारक, व्यसन-विनाशक र उन्नतिविधायक—उपयोगी उपयोगी पुस्तकहरूका तर्जुमा भएका र बराबर हुन-लागी-रहेका बुझिन्छन्! अतएव पूर्ण मनन—पूर्वक निश्चय गरी भन्न-शकिन्छ कि, यस कामबाट चाँड़ैनै बहुतही उत्तम लाभ हुनेछ!!!

फेरी मतिमान्, विद्वान्, विद्या-परायण श्रीबझाङ्गी राजा 'जयपृथ्वीबहादुर-सिंह' बाट पनी 'मातृ-भाषा-सुधार' का निमित्त 'प्राकृत-व्याकरण' 'भाषा-कोश,' 'भूगोल-विद्या,' 'पदार्थ-तत्त्व-विवेक,' 'शिक्षा-दर्पण,' 'व्यवहार-माला,' 'तत्त्व-प्रशंसा,' आदि कैएक लोकोपयोगी पुस्तकहरू तैयार गराई-शकी-वक्शिीएर अरू अरू पनी बराबर तैयार गर्दै-रही-वक्शेको छ!

त्यस्तै संस्कृतका ठुला विद्वान् प्रो. सुब्बा धीर 'वीरेन्द्रकेसरि' आर्याल (अर्ज्याल), प्रसिद्ध सिद्ध-समान बृद्ध डोट्याल पण्डित

'रामचन्द्र' जोशी, राजकीय-पाठशालाका अध्यापक मेधावान् हेड्-पण्डित **'सोमनाथ'** सिग्द्याल काव्यतीर्थ, राजकीय-पाठशालाका अध्यापक पण्डित **'देवीदत्त'** पराजुली साहित्योपाध्याय, विद्या-परायण पण्डित **'कुलचन्द्र'** गौतम (गोतामे) साहित्याचार्य त्यस्तै अंग्रेजीका विद्वान् खरीदार **विश्वमणि** आ. दी., बी. ए. आदि अनेकन् मतिमान् विद्वान्हरू आफ्ना **'मातृ-भाषाका सुधार-उन्नति र विद्या-प्रचार गर्नू,** आफ्नू परम पवित्र-कर्तव्य-कर्म जानी भाषातिर दत्त-चित्त भई अनेकानेक लोकोपयोगी व्याकरण, कोश, इतिहास, भूगोल, गणित, वैद्यक, धर्म प्रभृति अनेकन् विषयका पुस्तकहरू बनाई तैयार गरी—शकेका र गर्दै-रहेका छन्!!!

अब ई उपरोक्त-कुराबाट बुझ्नु-पर्दछ कि, **'मातृ-भाषा'** भनेको वस्तु कत्रो ठुलो, कस्तो आवश्यकीय र कस्तो उपकारी रहेछ ? यदि आफ्ना **मातृ-भाषा-बाहेक संस्कृत,** अंग्रेजी, हिन्दी आदि अरू कुनै भाषाबाट सब काम सुविस्तासाथ चली फायदा हुँदो-हो ता ई उपरोक्त विद्वान् सुजनहरू **'मातृ-भाषा'** (गोरखा भाषा) मा ग्रन्थ लेख्न लेखनी उठाउने परिश्रम किन उठाई-रहन्थे ? यसै कारण पक्का बुझ्नु-पर्दछ कि, अरू अरू भाषाका

१ बहुतै शोक ! छ कि, कराल कालका गतिले श्रीमान् पण्डितजी १९७२ सालमा सारा देशबान्धवहरूलाई रुवाई परमपदमा पाल्नु-भयो !

कस्तै विद्वान् भए ता पनी आफ्ना **'मातृ-भाषा'** को शरण न ली कहीं कहिल्यै केही काम पनी सुविस्ता-साथ चल्नशक्तो-रहेन-छ !

यस्ता यस्ता विद्वान्द्वारा यस्ता यस्ता कैएक पुस्तकहरू बनी-शकी पड़ी-रहेका र कै एक पुस्तकहरू बराबर बन्न-लागी-रहेका हुनाले इनी ग्रन्थहरूका प्रकाश र प्रचारका निमित्त श्रीमान् सरकारबाट **"गोरखा-पत्र-इलेक्ट्रिक-प्रेस"** नामको छापाखाना, पण्डित 'मोती-कृष्ण-धीरेन्द्र' ले **"पाशुपत-प्रेस"** नामक छापाखाना, श्रीजनरल गेहेन्द्रसंशेर जङ्गबहादुर राणाबाट **"नारायण-प्रेस"** नामको छापाखाना, श्री ६ राजगुरु हेमराजपण्डितज्यूबाट **"ढोकाटोल-प्रेस"** नामको छापाखाना, कर्णैल भूपाल-संशेर जङ्गबहादुर राणाबाट **"श्रीभगवती-प्रेस"** नामको छापाखाना र श्रीजनरल धर्मसंशेर जङ्गबहादुर राणाबाट **"सरस्वती-प्रेस"** नामको छापाखाना त्यस्तै **'द्दु'** गुभाजूले **"बुद्ध—प्रेस"** नामको छापाखाना इत्यादि छापाका कारखाना स्थापित भई बराबर काम-काज चल्न-लागी-रहेका छन् (इनी छापाखानाहरूमध्ये अहिले एक **'नारायण-प्रेस'** अचल रहेको छ !) ।

निःसन्देह भन्न-शकिन्छ कि, यस्ता कार्यहरूबाट अचिरात् देशका विद्योन्नति, भाषोन्नति र भाषा-साहित्योन्नति को अभ्युदय अवश्यमेव हुनेछ!!!

इन्द्र
ताहाचल
ख १-४८७,

त्यस्तै अहिले हामीले पनी "भरशक मातृ-भाषा (गोरखा भाषा) को यथा किञ्चित्मात्र पनी सुधार ता अवश्यमेव हुनेछ!" भन्ने अभिप्रायले हालमा "गोरखा एजेन्सी नेपालबाट "गोरखा-एजेन्सी-ग्रन्थ-माला" नामक "माला-ग्रन्थ" (Series) निकाल्न प्रारंभ गरेका छौं। यस्मा विवेक-शील विचारशील सज्जनहरूबाट निष्पक्षपात र विवेकसाथ सम्मति, सहायता दिई अनुमोदन-प्रोत्साहन र समालोचना गर्नु-भयो भने कसर कत्ति पनी न रही चाँडैनै 'गोरखा-भाषाको सुधार' हुने पूर्ण-संभव छ!

चाँडै उन्नति न भएको कारण।

गोरखा-भाषाको चाँडै उन्नति हुन न शकेका कैएक कारण-मध्ये मुख्य कारण स्वार्थ-पूर्वकका पक्षपात र मतभेद हुन् अरू अनेकन् कारण अगाडी ठुला ग्रन्थ लेखेमा देखाइनेछन् । अहिले ई दुवै मुख्य-कारणको केही विवरण तल देखाइन्छः—

कोही ग्रन्थकार (Author) आफ्ना मनमा जस्तो अभिप्राय छ ता पनी स्वार्थता र पक्ष-पात-वश अर्कै नियम अर्कै रीतिले लेख्तछन् (!) बहुधा यस्तै चालको चलन छ (!!) कोही र, 'मेरा गोरूका बाऱ्है टका।' भने झैं केवल आफ्नै ढिपी-घमण्डमा निमग्न रहन्छन्! कोही लेखक र, आफ्ना निरर्थक-पाण्डित्य देखाउनालाई हरदम कटि-बद्ध रहन्छन्! कोही अनुवादक र, अनुवाद गर्दा जस्ताको तस्तै लेख्तछन्! कोही भने, गद्य-पद्य दुवै लेखमा अनावश्यकीय (त्यस ठाऊँलाई अनावश्यक) संस्कृत, हिन्दी, उर्दू, फार्सी, अंग्रेजी-आदि कैएक-भाषाका शब्दहरू तिल-चामल जस्तो सरोबर-खिचड़ी गरी विचित्रभाषा (Corrupt) गराई आफ्नू कवित्व-पाण्डित्य देखाउँदछन्! कोही कोही र गद्य-पद्य दुवै लेखमा अरू अरू भाषाका शब्दहरू पनी एकदम बिगारी विचित्र-शब्द तैयार गरी घुसाउँदछन्!

फेरी गद्य-लेख र पद्यलेखका लेखन-प्रणाली पनी एकहीनासका नियमित छैनन्; किन्तु पद्य (श्लोक) बनाउँदा केवल छन्दका छन्दमा नाची हल्लाई अच् र अच्लाई-समेत हल जस्तो गराई खुट्टा काटी, त्यस्तै पुंलिङ्गलाई स्त्री-लिङ्ग र स्त्री-लिङ्गलाई पुंलिङ्ग गराई, रसिया जोड़े जस्तो-मात्र जोडी 'भाषाको दुर्दशा' गर्ने चाल प्रचलित छ! कोही कवि महाशय र केवल छन्दमा नाच्तानाच्तै छन्दोभङ्ग भएको समेत होश पाउँदैनन्! कोही अनुप्रासमा दगुर्दा-दगुर्दै रस-भङ्ग, अर्थको अनर्थ, ध्वनि-दोष-इत्यादि भएका पनी पत्ता पाउँदैनन्! अझ आफ्ना श्लोक-रचना हेरी आफैं आफूलाई कालीदास, भारवी, माघ, क्षेमेन्द्र प्रभृति महाकविका पंक्तिमा दर्त्ता गरी बहुतै मस्त रहन्छन्!!!

स्तवराज।

(१)

मूर्खलाई पनी विद्वान् धनवान् निर्धनी पनी ।
अपुत्री पुत्रवान् क्षुद्री परमौदार्यको पनी ॥

(२)

दुःखीलाई सुखी दोषी जनलाई पनी गुणी ।
कुलीन हीन-कुलको अल्छी जाँगरिया पनी ॥

(३)

लाटालाई पनी बाठो लघुलाई पनी गुरु ।
दैववादी जीवलाई कर्मवादी सुरू सुरू ॥

(४)

असाध्यलाई संसाध्य क्षणका क्षणमा गरी ।
सारा सृष्टि-प्रलयको गर्न-शक्ते यताउती ॥

(५)

यस्ती श्रीमातृ-भाषाका पादमा प्रतिवासर ।
गर्छु प्रणाम सप्रेम भक्ति देऊ बराबर ॥

उपसंहार।

अब यस साना पुस्तकमा विवेकशील, परमर्मज्ञ, गुणज्ञ, सज्जनहरूमा हाम्रो वक्तव्य यो छ कि, यो ग्रन्थ हामिले पक्षपात र द्वेषले लेखेका छैनौं! मातृ-भाषाका सेवाका निमित्त आफ्ना मनको अभिप्राय प्रकाश गरी, उनहीं मातृ-भाषाका सत्पुत्र (सपूत) देश-बान्धव सब सज्जनसँग अति विनयका साथ निवेदन गरेका हौं कि, सब देशबान्धवहरू निष्पक्षपात र विवेकलाई साथमा ली, मिली सबका सल्लाहले एकमत गरी, एकही परिपाटी (काइदा) सँग जननी मातृ-भाषाको सेवा गरौं! जसद्वारा सब तरहबाट हाम्रो कल्याण भई-रहोस्!”

विना-प्रसंगले केही कुराको पनी उन्नति न हुने हुनाले प्रसंग-सम्म-मात्र चलाएको हो!, अब यस्मा सम्मति सहायता आदि दिएर, मातृ-भाषाको सेवा गर्नू, न गर्नू, विचार-शील देश-बान्धवका जिम्मामा छ!!!

आज यस्ता यस्ता छोराहरू भईकन पनी आफ्नी परम पूजनीया माता मातृ-भाषाका सेवामा तत्पर न भई माताको दुर्दशा हेर्नू हामिलाई बड़ो लज्जाको कुरो छ!!!

जैले जहाँ पनी हामी सबैको परम-पवित्र कर्तव्य-कर्म छ कि, हरतरहबाट मन, वचन, कर्मले उनहीं परमपूज्या माता मातृ-भाषाको सेवा गरी-रहनू!!!

प्रार्थना ।

माता भ्राता सकलका दुःखले पोलँदा मन ।
लेख्यौं सानू ग्रन्थ आज सबका हित-कारण ॥
यस्का दोष-विषे ध्यान न दिई गुण-मात्र ली ।
स्वीकारले लाभ गर्नू ह्राम्रो छ विनती यती ॥
दुई सात नऊ एक (१९७२) विक्रमी-वर्ष-बीचमा ।
लेखी समाप्त गरियो वसी नेपाल-राज्यमा ॥

॥ इति शुभम् ॥

निश्किए ! निश्किए !! निश्किए !!!

गोरखा-एजेन्सी-ग्रन्थमालाका ग्रन्थहरू

छापिई तैयार भए, कोही धमाधम छापिंदै-छन् !

(१) पहिलो ग्रन्थ—'गोरखा भाषा' यस पुस्तकमा भलीभाँतीसँग मातृभाषाका महत्त्व र गौरवको वर्णन गरिएको छ। विद्याप्रिय—मातृभाषाप्रिय प्रिय महाशय सज्जनहरूबाट लिनू, पढ़नू, पढ़ाउनू योग्य छ। कागज उत्तमग्लेज, निर्णय-सागर प्रेस बम्बईको छपाई। सबैका सुबिस्ताका लागी भेटी केवल। २५ पैसा।

(२) दोश्रो ग्रन्थ—'उपदेश—सहस्त्री' पहिलो भाग यस पुस्तकमा अनेकानेक महत्त्व—पूर्णका ओजस्वी कविताहरू भरिएका छन्। कविताप्रिय प्रिय महाशयबाट अवश्य हेर्न, मनन गर्न योग्य छ। कागज उत्तम ग्लेज, नि. सा. प्रेस बम्बईको छपाई। सबैका सुबिस्ताका लागी भेटी केवल। २५ पैसा।

(३) तेश्रो ग्रन्थ—'चक्र—परिक्रम' उपन्यास यस ग्रन्थमा समाजको यस्तो चित्र खिंचिएको छ कि, पुस्तक बाँच्ताखेरी जहाँका कुराको बयान बाँच्न—लगिएको छ, खूद

आफूनै वहीं छ कि, जस्तो मन हुन्छ। त्यस्तै यो पुस्तक बाँच्न-थाले-पछी न शकेसम्म केही गरे पनी छाड्न मन-लाग्दैन-छाड्नै शकिंदैन। तथा यो पुस्तक बाँच्ता कहीं हाँसो, कहीं रुन्चे, कहीं दिग्दारी, कहीं आश्चर्य, कहीं भय, कहीं विचार, कहीं क्रोध, कहीं दया, कहीं आनंद, कहीं कौतूहल इत्यादि सबै रस उत्पन्न हुन्छन्। अर्थात् यो ग्रन्थ नवै रसले परिपूर्ण भएको छ। यस्तो ग्रन्थ आजसम्म बनेको देखिएको छैन। यस्को जती बयान गरे पनी थोरैनै हुन्छ १ पल्ट हेरेपछी यस्को महत्त्व आफै संझनू-बुझ्नू हुनेछ। उत्तम ग्लेज कागज, बम्बईको छपाई। भेटी लगभग १ रुपियाँ।

धमाधम छापिंदैछन्—

(४) **चौथो ग्रन्थ—'पुरुष-परीक्षा'** (पुरुषका चाल-चलनबाटै पुरुष पहिचानिने पुस्तक)।

(५) **पाँचौ ग्रन्थ—'पुरुषार्थ'** (साँच्चिको पुरुषार्थ भनेको कस्तो हुन्छ, यथार्थ देखाएको छ)।

(६) **छैटौं ग्रन्थ—चाणक्य-नीति-दर्पण** (शीर्षक, मूलश्लोक, छाया, भाषा-टीका, अभिप्राय र टिप्पणीहरू-सहित)।

(७) **सातौं ग्रन्थ—'नेपाल-माहात्म्य'** (भाषागद्य)

(८) **आठौं ग्रन्थ—'कर्तव्य-पालन'** (संपूर्णमनुष्यको परस्परमा कस्तो कर्तव्य हुनु-पर्दछ, यही भलीभाँतीसँग सप्रमाण देखाइएको छ)।

(९) **नवौं ग्रन्थ—'उपदेश-कुसुम'** (यथार्थ नाम-को छ)।

(१०) **दशौं ग्रन्थ—'गृहिणी-भूषण'** (स्त्रीजाति-हरूको गहनै छ। अत्यन्त रोचक र मननयोग्यको छ।

(११) **एगारौं ग्रन्थ—'नशीब र उद्योग'** (भाग्य ठुलो कि उद्यम ठुलो, सप्रमाण प्रत्यक्ष देखाइएको छ।

अरू घरका ग्रन्थ—

चन्द्रमयूख, भूचन्द्रचन्द्रिका (चित्रकाव्य) इनी ग्र-न्थमा श्रीमान् सकलगुण-सम्पन्न श्री ३ महाराजबाट यस नेपाल राज्यको भार उठाइवक्से देखी आजसम्म सकल रा-ज्यमा संपूर्ण प्रजाका कल्याणका निमित्त जुन जुन सत्कार्य गरी संपूर्ण प्रजाजनका धन्यवाद-पात्र बनी-वक्सेको छ, उनै सारा बयान परिपूर्ण छन्।

१० ओटा फोटोका तस्वीर छन्, विलायती सुनौला जिल्द छ, रङ्ग रङ्गका मसीले छापिएका छन्, कागज एना हेरी टीका लगाउन हुन्छ, एक भारीनै छ। **सबैका सुबिस्ता**

र प्रचारका निमित्त भेटी केवल ७/५० नेपाल देखी बाहिरबाट मगाउनेलाई बाटाखर्च अलग लाग्दछ ।

पशुपतियात्रा (हिन्दी–दोहा, चौपाई, श्लोक इत्यादि छन्दमा श्रीपशुपतिनाथका यात्रादिको बयान) भेटी पैसा । १६

गर्वभञ्जन (आनन्दरामायणको एक सानू बहुतै रसिलो रोचक प्रहसन) भेटी पैसा । ८

योगवासिष्ठ (भाषाश्लोक) धमाधम–बम्बईमा छापिन-लागी–रहेको छ ।

ई पुस्तकबाहेक अरू अरू–निर्णयसागरका, वेंकटेश्वरका, पं. ज्येष्ठाराम–मुकुन्दजी–पुस्तकालयका, पं. हरिप्रसाद भगीरथजी–पुस्तकालयका, चित्रशालाप्रेसका, हिन्दी–ग्रन्थ–रत्नाकर–कार्यालयका, इण्डियन प्रेसका, हरिदास एण्ड कम्पनीका, आर. एल. वर्म्मन कम्पनीका, जीवानन्द विद्यासागरका, पं. हरिहर विश्वराज शर्म्माका, गोरखा-ग्रन्थ-प्रचारक-मण्डलीका, प्राभाकरी कम्पनीका, गो. भा. प्र. समितिका, कृष्णमाधव एण्ड कम्पनीका, पाशुपतप्रेसका र अन्तअन्तका पनी संस्कृत, गोरखाली-नेपाली, हिन्दी, मराठी, गुजराती, बङ्गाली, मारवाड़ी, नेवारे प्रभृति भाषाका पुस्तकहरू पनी

हामीकहाँ पाइन्छन् । मौजूद न रहेका पुस्तक पनी एकदम भन्नेबित्तिकै मगाइ–दिन्छौं ।

त्यस्तै ठाम–ठामका मासिक-पत्रहरू पनी मगाई–दिन्छौं, दाम यहीं भरी रसीद लिए हुन्छ ।

त्यस्तै पुस्तक छापने काम, छपाउने काम, छपाइ–दिने-काम र पुस्तकमा जिल्ला बाँध्ने काम पनी गर्दछौं ।

पुस्तकबाहेक अरू अरू माल-ताल पनी हाम्रा यहाँ तैयार रहन्छन् । मगाई पनी दिन्छौं ।

सबै पुस्तक, मालहरू पाइने ठाऊँ–

मेनेजर,
गोरखा एजेन्सी,
नेपाल ।

इन्द्र माली
ताहाचल बगैंचा, कालिमाटी
ख १–४८७, काठमाडौं

स्थायी-ग्राहक हुने महाशयलाई

किफायत !   सुविस्ता !!   आनन्द !!!

यस 'गोरखा एजेन्सी-ग्रन्थ-माला'का स्थायी-ग्राहक हुनु-हुने महाशयलाई मालाका सबै ग्रन्थ केवल पौने मोलमा मिल्दछन्। त्यस्तै ग्रन्थ प्रकाशित हुने-बित्तिकै (बजारमा प्रचार-विक्रि न गर्दै) पहिलेनै स्थायी-ग्राहक महाशय-हरूका सेवाका निमित्त वहाँहरूका घर-घरमानै पुऱ्याइन्छन् अनी पछी बजारमा विक्रि-प्रचार हुन्छन्।

स्थायी-ग्राहक बन्नाका निमित्त पहिले केवल एक जनाको एक रुपयाँ पेशगी भरी ग्राहक-श्रेणीमा नम्बर, नाम, घर र ठाऊँहरू लेखाई दाम बुझाएको रसीद लिनुभए हुन्छ।

दश जना स्थायी-ग्राहक बनाई-दिने महाशयलाई एक पैसा पनी पेशगी न लिई स्थायी-ग्राहकका श्रेणीमा दर्ता गरी रसीद दिइनेछ। त्यस्तै विश जना स्थायी-ग्राहक बनाई-दिने महाशयलाई विना-पेशगीले स्थायी-ग्राहकका पंक्तिमा दर्ता गरी ग्रन्थ-मालामा निस्किएका जती सारा माला-ग्रन्थ विनामोलले समर्पण गरी वहाँका घरमानै पुऱ्याइने-छन्।

इन्द्र
कालिमाटी

ग्रन्थ-मालाका पुस्तकहरू प्रचार-विक्रि गर्नाका निमित्त एकै बाजी धेरै धेरै लिने महाशयहरूलाई पनी उचित कमीशन दिइनेछ।

तथा कुनै पनी महाशयले ग्रन्थ-मालाका छापिने ग्रन्थ-हरूमा कुनै कुराका पनी विज्ञापन-जाहिरातहरू यदि दिन-छपाउन-चाहनु-भयो भने पनी विज्ञापनका विषय-काम-कुरा हेरी उचित खर्च लिई उचित काम गरिइनेछ।

अरू अरू कुरा शोध-बुझ गर्ना-परे भने तल लेखिएका ठाऊँमा पाल्नु-भई इद्मित्थ गर्नुहोला।

सकल सज्जनको अनुचर,—
व्यवस्थापक, ग्रन्थमाला,
ग्रन्थमाला-विभाग,
गोरखा एजेन्सी,
नेपाल।

अरूहरूका पुस्तकहरू—

गृहस्थविचार	।७५	गौरीशंकर गुटका	१।
सत्यनारायणभाषा	।२०	,, जिल्दसहित	१।२५
भा० रामायण	१।९०	स्वयंवैद्य प्रथमभाग	१।५०
शाकुन्तलोपाख्यान	।३८	बुद्धिविनोद र ऋतुविचार (भाषाश्लोक ।)	।१६
अनसूयासीतासं०	।२४	भार्या-कर्तव्य	।७५
विदुलापुत्रसंवाद	।२१	ब्रह्मचर्य	।५६
लालित्य	।३२	चन्द्रशेखरउपन्यास	१।२५
शिशुबोधिनी १ लो०	।४५	उपदेशमञ्जरी	१।२५
,, ,, २ रो भाग	।४५	रत्नावलीनाटिका	१।५०
सन्ध्योपासनासंस्कृत	।३२	शाकुन्तलनाटक	१।२५
चन्द्रनिघण्टु	।३२	बगलामुखीस्तोत्र	।१२
द्यूतशतक	।१६		

ई सबै पुस्तक पाइने ठाऊँ:—

गोरखा एजेन्सी,

नेपाल ।